नेपाली राजदूतावास
EMBASSY OF NEPAL
Barakhamba Road, New Delhi-110001
Tel. : 23327361/23329218 Fax : 23326857

नेपाली राजदूतावास
नयाँदिल्ली

**अपिल!**

आदरणीय दिदीबहिनी दाजुभाइ,

कोभिड-19 महामारीबाट भारत आक्रान्त छ। संकटको यस घडीमा भारत सरकारको प्रशासन संयन्त्र, सुरक्षा निकाय र स्वास्थ्य सेवा सञ्जाल यस महाव्याधिको सामना गरिरहेको छ। भारतले विकास तथा उत्पादन गरेको कोभिड-19 बिरुद्धको खोप तथा वृहत एवं समुन्नत स्वास्थ्य संयन्त्र यस विपद्‌लाई छिट्टै किनारा लगाउन सफल हुनेछ भन्ने आशा र कामना छ।

यस विषम् परिस्थितिमा भारतमा रोजगार, अध्ययन एवं पेशा व्यवसाय गरी बस्नुहुने संपूर्ण नेपाली दिदीबहिनी दाजुभाइलाई धैर्य गर्ने, नआत्तिने, विचलित नभई शान्त रहने एवं मास्कको अनिवार्य प्रयोग गर्ने, हात नियमित सफा राख्ने तथा स्यानिटाईज गर्ने, भिडभाडबाट टाढा रहने, अत्यावश्यक काममा बाहेक घर बाहिर ननिस्कने, भौतिक दुरी कायम गर्नेजस्ता स्वास्थ्य सुरक्षाका उपायहरु अपनाउदै एक आपसमा सहयोग लिन, सहयोग दिन एवं आफन्तभावलाई जीवन्त बनाइराख्न हार्दिक अपिल गर्दछु।नेपालले पनि यस महामारीको प्रकोप व्यहोरिरहेको छ। यस महामारी विरुद्धको लडाईमा हामी दुवै देश एकसाथ छौं। हामी नेपालीहरुको मन यी दुवै देशमा बढ्दो कोभिड संकटबाट चिन्तित हुनु स्वभाविक छ।

पछिल्लो समय भारतका विभिन्न स्थानमा महामारीको अवस्थाको विश्लेषणका आधारमा बन्दाबन्दी लगायतका नियन्त्रणका उपायहरु कार्यान्वयनमा ल्याइएको छ। आशा गरौं कोभिड-19 महामारी छिट्टै नियन्त्रणमा आउने छ र क्रमशः जनजीवन पुनः सामान्य अवस्थामा फर्किने छ। यसबीचमा स्वास्थ्योपचारको सिलसिलामा सहजीकरण गर्न लगायत अन्य सेवाको लागि नेपाली राजदूतावासको टेलिफोन +91-1123476200 ईमेल eonnewdelhi@mofa.gov.np वा मोवाइल हटलाइन +91-8929601925 मा सम्पर्क गर्नुहुन अनुरोध गर्दछु।

यस विपद्को समयमा भारतमा रहेका नेपालीहरुलाई आवश्यक सहयोग पुऱ्याउने भारत सरकारका निकायहरू, भारतीय जनता तथा नेपाली समुदाय एवं संघ संस्थाहरू प्रति म हार्दिक आभार प्रकट गर्न चाहान्छु। साथै, संपूर्ण नेपाली दिदीबहिनी दाजुभाइलाई आफु सुरक्षित रहन र एक आपसमा सहयोग पुऱ्याउनुहुन अनुरोध गर्दछु।

संकटको यस घडीमा भारत सरकार र भारतीय जनताले नेपाल सरकार र नेपाली जनताप्रति दर्शाएको सद्भाव, सहयोग, खोप लागयतका स्वास्थ्य सहायता प्राप्त भएकोमा कृतज्ञता प्रकट गर्दै सहयोग प्राप्त भैरहने विश्वास प्रकट गर्न चाहान्छु र कोभिड-19 महामारीलाई परास्त गर्न शीघ्र सफलता मिलोस् भन्ने कामना गर्दछु।

नीलाम्बर आचार्य
राजदूत
अप्रिल ३०, २०२१